स्थानीय सरकार

# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## घोराही, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

प.सं. २०८२/०८३

मिति २०८२/०४/१९

अनुदानको मल विक्री वितरण गर्ने कृषि सहकारी सूचिकृत सम्बन्धि सूचना
(प्रथम पटक सूचना मितिः२०८२/४/१९)

प्रस्तुत विषयमा नेपाल सरकारको मिति २०७७/०५/०१ गतेको निर्णयबाट अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम यस घोराही उप-महानगरपालिका क्षेत्रमा विक्रेता नियुक्ति भएका सहकारी सस्थाहरु वाहेक अन्य सहकारी सस्थाहरुले अनुदानको मल विक्रि वितरण गर्न सूचिकरणका लागी स्थानिय तह मल वितरण व्यवस्थापन समितिको मितिः२०८२/०४/११ गतेको निर्णय अनुसार वडामा अवस्थित कृषि सहकारी सस्थाहरुले तपसिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८२/५/१७ गते सो दिन विदा परेमा कार्यालय खुलेको दिन) भित्र सूचिकृत गर्न हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१.सहकारीको निवेदन पत्र/ छाप सहित

२.सहकारी सस्थाको संचालक समितिको निर्णय

३.सहकारी दर्ता प्रमाण पत्र

४. कर चुक्ता प्रमाण पत्र

५. स्थाई लेखा(PAN) दर्ता प्रमाण पत्र

६.सहकारीको विनियम

७.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

८. विगत २ आ.व.को लेखा परिक्षण प्रतिवेदन

<u>विक्रेताले पालना गर्नुपर्ने सर्तहरु</u>

१. अनुदानको रासायनिक मल स्थानीय तह मल वितरण व्यवस्थापन समितिले तोकेको मूल्यमा विक्रि वितरण गर्नुपर्नेछ ।

२. अनुदानको मल कारोवार गर्ने सहकारीहरुले अन्य रासायनिक मलको कारोवार गर्न पाईने छैन भन्ने व्यहोराको कवुलियतनामा पत्र

३.अनुदानमा प्राप्त मलखादको बिक्री मूल्य स्पष्ट देखिने गरी बिक्री कक्षमा राख्नु पर्नेछ ।

४. सूचिकृत भएका सहकारी सस्थाहरुले आफूलाई तोकिएको कार्य क्षेत्रको मध्ये भागमा अनिवार्य रुपमा विक्रि केन्द्र स्थापना गरी बिक्रि वितरण गर्नु पर्नेछ।

२०८२।४।१९

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

५. सूचिकृत हुने सहकारी सस्थाहरुको भौतिक पूर्वाधार ( जस्तै नापतौल गर्ने साधन, गोदाम घर, सूचना प्रविधि आदि) हुनु पर्नेछ।

६.२०८२ आषाढ मसान्त सम्ममा २ बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता गरेका सहकारीहरु मात्र सूचिकृतमा सहभागी हुन पाउने छन।

७. सूचिकृत हुन चाहने कृषि सहकारीहरुको सस्था दर्ता भएको वडामा नै कार्यक्षेत्र राखी अनुदानको रासायनिक मलको कारोवार गर्नु पर्नेछ ।

थप जानकारीका लागी घोराही उप-महानगरपालिका कृषि तथा पुशपन्छी व्यवसाय प्रवर्धन शाखा (कृषि) ०८२५९०४०६ मा सम्पर्क गर्नु होला।

<u>बोधार्थ</u>

सूचना तथा संचार प्रविधि शाखा घोराही उप-महानगरपालिकाको ओएभसाईडमा राखी दिनु हुन।

२०८२।४।१५

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत